सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

हुलाक सेवा विभाग

बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्या:- क.प्र.११-०७६/७७

च.नं.:- ८०२

मितिः२०७७/०३/२८

विषयः करारमा पदपुर्ती सम्बन्धमा ।

श्री गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाण्डौं ।
श्री हुलाक प्रशिक्षण केन्द्र, बबरमहल ।
श्री केन्द्रीय धनादेश कार्यालय, बबरमहल ।
श्री फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, डिल्लीबजार, काठमाण्डौं ।
श्री हुलाक निर्देशनालय, विराटनगर ।
श्री हुलाक निर्देशनालय, पोखरा ।
श्री हुलाक निर्देशनालय, सुर्खेत ।
श्री हुलाक निर्देशनालय, डोटी ।
श्री जिल्ला हुलाक कार्यालयहरू, सबै (७०) ।

प्रस्तुत विषयमा श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं. ०७६/७७, च.नं. कप्र११-१११३, मिति २०७७/०३/२५ को पत्रसाथ प्राप्त श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पत्र संख्या ०७६/७७, च.नं. २८० मिती २०७७/०३/२१ को पत्र र सो पत्रसाथ प्राप्त करारमा कर्मचारि पदपुर्ती सम्वन्धको पत्र को छायाँप्रति पाना २ (दुई) आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(आनन्द विष्ट)
शाखा अधिकृत



Scanned with CamScanner

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

पत्र संख्या : ०७६/०७७

चलानी नं. : २८०

मिति: २०७७/०३/२१

**विषय: करारमा कर्मचारी पदपूर्ति सम्वन्धमा ।**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरवार ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्मचारीहरुको संघ, प्रदेश र स्थानीय तहमा समायोजनको कार्य सम्पन्न भएको व्यहोरा विदितै छ। कर्मचारी समायोजन पश्चात संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत भएका दरवन्दीमा नपरेका वा दरवन्दी स्वीकृत भएता पनि पदनाम नमिलि समायोजन हुन नसकी फाजिलमा परेका, कतिपय स्थानीय तहले हाजिर नगराई फिर्ता गरेका र नेपाल सरकारवाट स्वीकृत प्राप्त अस्थायी प्रकृतिका आयोजनाहरुको म्याद समाप्त भई सम्बन्धित सेवा समूह संचालन गर्ने निकायमा हाजिर भएका कर्मचारीहरुलाई व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ। साथै, नेपाल सरकारको आ.व. ०७७/७८ को बजेट वक्तव्य अनुसार सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन कार्यान्वयन गर्नु पर्ने र Covid-19 पछिको अवस्थाका कारण देशको आर्थिक पक्षलाई समेत मध्यनजर गरी फजुल खर्चमा कटौती गर्नु पर्ने भएको तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ग, बमोजिम निजामती कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने समेत व्यवस्था लगायतका कारणले गर्दा करार/ज्यालादारी कर्मचारी भर्ना गर्ने सम्वन्धमा यस मन्त्रालयवाट मिति २०७७/०३/२१ मा तपशिल वमोजिम निर्णय (मा. मन्त्रिस्तर) भएको व्यहोरा अनुरोध छ।

**तपशिल:**

१. सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय र नेपाल सरकारका विभिन्न अस्थायी प्रकृतिका कुनै पनि आयोजनामा स्वीकृत भएको अस्थायी दरवन्दीमा समेत करार/अस्थायी सेवामा नयाँ भर्ना नगर्ने, कर्मचारी आवश्यक परेमा यस मन्त्रालयसँग समन्वय गरी फाजिलमा रहेका कर्मचारीहरुवाट व्यवस्थापन गर्ने ।
२. बुँदा नं. (१) अनुसार पदपूर्ति हुन नसक्ने अवस्था भएमा र सो पद करार/अस्थायी/ज्यालादारीवाटै पूर्ति गर्नु पर्ने प्रर्याप्त आधार र कारण भएमा आर्थिक दायित्वका सम्वन्धमा अर्थ मन्त्रालयको र पदपूर्ति गर्ने सम्वन्धमा यस मन्त्रालयको सहमती लिएर मात्र गर्ने।

(हरि नारायण शर्मा)
शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ....................................

सन्देश सूचना बोर्ड: १६१८०१४२००३०९, इमेल:info@mofaga.gov.np वेवसाइट: http://www.mofaga.gov.np

नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

प.स.०७६।७७ च.नं. कप्र११- १११३ मिति २०७७।०३।२५

श्री हुलाक सेवा विभाग, बबरमहल, काठमाण्डौं ।
श्री मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना प्रविधि विभाग, थापागाउँ ।
श्री सूचना तथा प्रसारण विभाग, तिलगंगा, काठमाण्डौं ।

विषयः- करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७६/७७, च.नं.२८०, मिति २०७७/०३/२१ को पत्रको छाँयाप्रति आवश्यक जानकारी एवं कार्यार्थ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अर्जुन अधिकारी)
शाखा अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
दर्ता नं. २२९८
मिति ०७७।३।२८

फोनः ४२११६५०, ४२११६७७, ४२११६१५, ४२११७२८, फ्याक्स नं: ४२११७२९, ४२११६१० pg 112
Website: www.mocit.gov.np, Email: admin@mocit.gov.np, info@mocit.gov.np

CS Scanned with CamScanner